# संवत् २०७९ साल पौष २१ गते बसेको कार्यपालिका बैठकका निर्णयहरुः

## बैठकका प्रश्तावहरू

१. समपुरक र विशेष योजनाहरु माग सम्बन्धमा।

२. प्रशासकीय भवनको निर्माणको लागि साझेदारी सम्बन्धमा।

३. लुङ्ग्री गाउँपालिकाको पहिचान सहितको लोगो छनौट सम्बन्धमा।

४. कार्यविधि पारित सम्बन्धमा।

५. विविध सम्बन्धमा।

## निर्णयहरुः

१) **(क) समपूरक अनुदान तर्फः** लुङ्ग्री गाउँपालिकाभित्र तपशिलका स्थानका योजनाहरु समपुरक योजनाका रुपमा माग गर्ने।

- **स्वास्थ्य चौकी भवन, लुङ्ग्री-२, रोल्पा।**

  **योजनाको आवश्यकता र पुष्ट्याँईः** उक्त स्वास्थ्य हाल कच्ची घरमा सञ्चालन भइरहेको, वर्थिङ सेन्टरको लागि छुट्टै व्यक्तिगत घर भाडामा लिई कार्यसञ्चालन गरिएको, स्वास्थ्य चौकीको आफ्नै जग्गा समेत रहेको हुँदा भवन निर्माण गर्न आवश्यक रहेको ।

- **स्वास्थ्य चौकी भवन, लुङ्ग्री-१, रोल्पा।**

  **योजनाको आवश्यकता र पुष्ट्याँईः** उक्त स्वास्थ्य हाल कच्ची घरमा सञ्चालन भइरहेको, वर्थिङ सेन्टरको रुपमा समेत प्रयोग भइरहेकोमा उपयुक्त कोठाको अभाव रहेको, स्वास्थ्य चौकीको आफ्नै जग्गा समेत रहेको हुँदा भवन निर्माण गर्न आवश्यक रहेको ।

- **स्वास्थ्य चौकी भवन, लुङ्ग्री-७, रोल्पा।**

  **योजनाको आवश्यकता र पुष्ट्याँईः** उक्त स्वास्थ्य हाल कच्ची घरमा सञ्चालन भइरहेको, वर्थिङ सेन्टरको रुपमा समेत प्रयोग भइरहेकोमा उपयुक्त कोठाको अभाव रहेको, स्वास्थ्य चौकीको आफ्नै जग्गा समेत रहेको हुँदा भवन निर्माण गर्न आवश्यक रहेको ।

- **मलेपाटा लिफ्टिङ खानेपानी योजना, लुङ्ग्री- ४ , रोल्पा।**

  **योजनाको आवश्यकता र पुष्ट्याँईः** उक्त वडामा खानेपानीको समस्या रहेकाले उक्त सहज खानेपानीको पहुँच पुऱ्याउन आवश्यक रहेको।

❖ **औलेसारी लिफ्ट खानेपानी योजना, लुङ्ग्री-३, रोल्पा।**

**योजनाको आवश्यकता र पुष्ट्याँईः** उक्त वडामा खानेपानीको समस्या रहेकाले उक्त सहज खानेपानीको पहुँच पुऱ्याउन आवश्यक रहेको।

(ख) **बिषेश अनुदान तर्फः** लुङ्ग्री गाउँपालिका भित्रका तपशिलका योजनाहरु विशेष अनुदानको योजनाको रुपमा माग गर्ने।

❖ **स्वास्थ्य प्रणाली सुदृढीकरण कार्यक्रम सञ्चालन।**

**योजनाको आवश्यकता र पुष्ट्याँईः** यस गाउँपालिकामा विभिन्न स्वास्थ्य संस्थाहरूको समग्र समग्र अवस्थामा सुदृढीकरण गर्न आवश्यक भएकाले बहुवर्षीय(२ वर्षे) योजनाको रुपमा छनौट गर्ने।

❖ **बज्याङखोला लिफ्ट खानेपानी, लुङ्ग्री-४, रोल्पा।**

**योजनाको आवश्यकता र पुष्ट्याँईः** प्रस्तुत खानेपानी आयोजना विभिन्न चरणमा सञ्चालन भइरहेकोमा स्रोतको अभावमा निर्माण कार्य सम्पन्न हुन नसकेको हुँदा बाँकी कार्य सम्पन्न गरी सम्पूर्ण वडावासीलाई खानेपानीको पहुँच पुऱ्याउन आवश्यक रहेको।

❖ **खारा तल्लोगुम्चाल खानेपानी योजना, लुङ्ग्री-६, रोल्पा।**

**योजनाको आवश्यकता र पुष्ट्याँईः** उक्त वडामा खानेपानीको समस्या रहेकाले उक्त सहज खानेपानीको पहुँच पुऱ्याउन आवश्यक रहेको।

❖ **ने.रा.मा.वि. हार्जङ विद्यालय भवन, लुङ्ग्री-७, रोल्पा।**

**योजनाको आवश्यकता र पुष्ट्याँईः** उक्त विद्यालयमा आधुनिक भुकम्प प्रतिरोधी भवन निर्माणको आवश्यकता रहेको हुँदा उक्त भवन निर्माणको लागि रकम माग गर्ने।

❖ **रिघिम क्वालिगाउँ खानेपानी आयोजना, लुङ्ग्री-५ रोल्पा।**

**योजनाको आवश्यकता र पुष्ट्याँईः** उक्त स्थानमा खानेपानीको समस्या रहेकाले उक्त योजना निर्माण गर्न आवश्यक रहेको।

२) **प्रशासकीय भवनको निर्माणको लागि साझेदारीः** लुङ्ग्री गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यका लागि बोलपत्र आव्हान भई सम्झौताको चरणमा रहेको हुँदा उक्त भवनको लागि कवोल भएको रकम रु. ७,४३,८४,७८६.२०(VAT सहित PS बाहेक) मध्ये चालु आर्थिक वर्षको लागि गाउँपालिकाले आफ्नै आन्तरिक स्रोतबाट रु. २ करोड विनियोजन गरेको, उक्त परियोजनाको कार्याअवधि २ वर्ष रहेको, गाउँपालिकाको आन्तरिक स्रोत न्यून रहेको हुँदा आफ्नै स्रोतबाट योजना सम्पन्न गर्न नसकिने

भएकाले "स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" बमोजिम न्यूनतम ४० प्रतिशत रकम रकम गाउँपालिकाले साझेदारी गर्नेगरी रकम माग गर्ने।

३) **लुङ्ग्री गाउँपालिकाको पहिचान सहितको लोगो छनौटः** गाउँपालिकाको आफ्नै लोगो निर्माणका लागि सूचना प्रकाशन भई पेश भई आएका ४ वटा लोगोहरु मध्ये ७ वटै वडाको नक्शाङ्कन उल्लेख भएको बालाराम बिष्टले पेश गरेको लोगो उपयुक्त देखिएकोले बैठकमा आएका सुझावहरूलाई समेटी परिमार्जित लोगो पेश गर्न लगाई अन्तिम स्वीकृतिको लागि अर्को बैठकमा पेश गर्ने।

४) **कार्यविधि पारितः** तपशिल बमोजिमका कार्यविधि पारित गर्ने।

<u>**तपसिल**</u>

- ❖ आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७९
- ❖ लुङ्ग्री गाउँपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य सञ्चालन कार्यविधि, २०७९
- ❖ विषयगत समिति (कार्य सञ्चालन) कार्यविधि, २०७९

५) **विविधः** विविध बिषयमा देहायबमोजिम निर्णय गर्ने।

- ❖ रेडक्रस सोसाइटी नेपालले पेश गरेको प्रशतावबमोजिम ब्लड बैंक संचालन गर्नको लागि गै.स.स. साझेदारी शिर्षकबाट खर्च व्यहोर्नेगरी रु १,५०,०००/- (अक्षरुपी एक लाख पचास हजार रुपैया मात्र) प्रदान गर्ने।
- ❖ पूर्व गाउँ कार्यपालिकाको निर्णयबमोजिम साझेदारीको प्रकृयामा रहेको "कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी विकास कार्यक्रम" सञ्चालनको लागि हेफर प्रोजेक्ट नेपालले पेश गरेको प्रशताव छनौट भएको गाउँ सभाबाट बजेट सुनिश्चिता भएपछि कार्यान्वयन हुनेगरी हाल साझेदारी कार्यविधिबमोजिम सम्झौता गर्न सहमती दिने।
- ❖ चालु आर्थिक वर्षमा कर्मचारी कल्याण कोष शीर्षकमा विनियोजित बजेटलाई कार्यान्वयन गर्न कार्यविधि बनाउन आवश्यक भएकाले कर्मचारी कल्याणकारी कोष सञ्चालन सम्बन्धी कार्यविधिको मस्यौदा तयार गरी पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने ।
- ❖ लुङ्ग्री गाउँपालिकाद्वारा कार्यान्वयन हुने विभिन्न योजनाहरुको विल भुक्तानी गर्दा १३ प्रतिशत मुल्य अभिवृद्धि कर कट्टी भई आएका विल विजकहरुको हाल सम्म थप ६.५ प्रतिशत मूल्य अभिवृद्धि कर कट्टी हुदै आएकोले १३ प्रतिशत विलमा नै भ्याट काटिएको अवस्थामा

गाउँपालिकाले ६.५ प्रतिशत कट्टा नगरी १३ प्रतिशत नै भुक्तानी दिन सम्बन्धित शाखालाई जानकारी गराउने।

- ❖ गाउँपालिकाले चालु आर्थिक वर्षमा जस्तापाता खरिदको लागि रु १ करोड विनियोजन गरेकोमा पछि कार्यपालिकाको निर्णयानुसार ५० लाख थप गर्ने निर्णय भएकोमा उक्त निर्णयानुसार ५० लाख थप गर्नु अगावै अन्तिम विल भुक्तानीको लागि निवेदन परेको हुँदा उक्त शीर्षकबाट नपुग हुने रकम चालु आ.व.मा नै गाउँपालिकाले विनियोजन गरेको **निर्मित संरचनाको मर्मत सम्भार शीर्षकको** रु. १५ लाखबाट खर्च गर्न सहमती दिने।
- ❖ यस गाउँपालिकामा निर्माण हुने झिकिरावाङ झोलुङ्गे पुल निर्माणको लागि आवश्यक स्टिल पार्टस खरिद गर्न सिद्धार्थ इन्जिनियर वर्क्ससँग सम्झौता भएकोमा तोकिएको समय सीमामा सामाग्री उपलब्ध नगराएकोमा हाल जरिवाना सहित सामान ल्याउन निवेदन पेश गरेको हुँदा अर्को खरिद प्रकृया अगाडी बढाउदा थप समय लाग्ने भएकाले उक्त व्यवसायीबाट नै सम्झौता बमोजिमको सामान ल्याउनेगरी प्रकृया अगाडी बढाउन सहमती दिने।

**निर्णय प्रमाणीकरण गर्नेः**

धर्मराज बुढा

प्रमुख प्रशासकीय अधिकृत